राष्ट्रिय दैनिक मेचीकाली सन्देश
Mechikali Sandesh National Daily

# सिद्धार्थनगर-९ ले जित्यो माननीय कपको उपाधि




भैरहवा, जेठ ८ (मेसस) । प्रथम माननीय कपको उपाधि सिद्धार्थनगर नगर पालिका वडा नम्बर ९ ले जितेको छ । बिहीबार भैरहवामा सम्पन्न खेलमा सिनपा-९ ले सिनपा ६ लाई ४५ रनले पराजित गर्दै कप उचालेको हो ।

बिहिबार नै सम्पन्न सेमीफाइनल खेलमा सिनपा-६ ले सिनपा-१२ लाई र सिनपा-९ ले सिनपा-१ लाई हराउँदै फाईनल यात्रा तय गरेका थिए । फाइनल खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको सिनपा-९ ले निर्धारित १० ओभरको खेलमा ८ विकेट गुमाउँदै १२१ रन बनाएको थियो ।

१२२ रनको लक्ष्यसहित मैदान छिरेको सिनपा-६ निर्धारित पूरै ओभर खेल्न सकेन । ९ दशमलव ४ ओभरमा अलआउट हुँदै सिनपा-६ जम्मा ७६ रन मात्र बनाउन सक्यो । जितसंगै सिनपा-९ ले नगद ५१ हजार संगै आकर्षक ट्रफी हात पारेको छ भने उपविजेता सिनपा-६ ले २५ हजार नगदसंगै ट्रफि हात पारेको छ ।

सामाजिक विकास डिभिजन कार्यालय रुपन्देहीको आयोजनामा रुपन्देही क्षेत्र नम्बर ३(१) अन्तरगतको प्रथम माननीय कप क्रिकेट प्रतियोगिता आइतबारबाट सुरु भएको थियो । क्षेत्रअन्तर्गत रहेका १८ वटा वडा, जन प्रतिनिधि र सन्चारकर्मी गरि २० वटा टोली विच प्रतियोगिता आयोजना गरिएको थियो । प्रतियोगिताको समापन कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका पूर्वगृहमन्त्री तथा लुम्बिनी प्रदेश सभा सदस्य सन्तोषकुमार पाण्डेले लुम्बिनी प्रदेशमा रहेका क्रिकेट खेलका प्रतिभावान खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर सरकारी स्तरबाट दिइनुपर्ने बताएका छन् ।

आउदो वर्ष यस प्रतियोगितालाई लिग स्तरको बनाइने र अहिले १८ वटा टिम सहभागी रहेकोमा आगामी बर्ष ४० वटा टिम सहभागी बनाइने उनले जनाए ।

युवा जगत बिदेशीएर युवा विहीन देश हुन लागेको अहिलेको अवस्थालाई मध्यनजर राखेर खेलकुद, कृषि, उद्यमशिलतालगायतका माध्यमबाट बिदेशिने क्रमलाई रोक्न सक्नुपर्नेमा उनले जोड दिए । यसका लागि लुम्बिनी प्रदेशस्तरीय युवा सम्मेलनको आयोजना गर्न लागिएको जानकारी उनले दिए । सामाजिक विकास डिभीजन कार्यालय रुपन्देहीका प्रमुख हरिबहादुर बिष्टले युवामा खेलप्रति रुचि जगाइ खेलको माध्यमबाट स्वस्थ्य राख्न यो प्रतियोगिताको आयोजना गरिएको बताए । यस खालको खेल प्रतियोगिताले खेलप्रति सिर्जनशीलता र जागरुकता पैदा भई यस क्षेत्रमा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरका खेलाडी तयार पार्ने जग बनोस् भन्ने उद्देश्य यो प्रतियोगिताको रहेको उनले जनाए ।

समापनका अवसरमा पत्रकारिताको माध्यमबाट समाजमा बिकास पुऱ्याएको भन्दै लुम्बिनी प्रेस क्लवका संस्थापक अध्यक्ष माधव ढुंगाना, पूर्व अध्यक्ष दिपेश पछाइ र संस्थापक उपाध्यक्ष मनोरञ्जन शर्मालाई सम्मानित गरिएको थियो ।

# भैरहवामा आजदेखि प्रदेशस्तरीय क्रिकेट प्रतियोगिता




भैरहवा, जेठ ८ (मेसस) । भैरहवामा शुक्रबारदेखि लुम्बिनी प्रदेशस्तरीय यु-१६ क्रिकेट प्रतियोगिता हुने भएको छ ।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा प्रतियोगिता हुन लागेको हो । राष्ट्रिय यु-१६ क्रिकेट प्रतियोगिताका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो ।

आयोजकले शुक्रबार भैरहवामा पत्रकार सम्मेलन गरी भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदान र तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानामा प्रतियोगिता हुने जनाएका छन् ।

प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले जेठ ९ देखि १६ गतेसम्म प्रतियोगिता संचालन हुने जनाए । भैरहवाका व्यवसायी किसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा प्रतियोगितालाई मुख्य प्रायोजन गरेका छन् । त्यसैले प्रतियोगिताको नाम 'लीला सेन्चुरी मेमोरियल लुम्बिनी प्रदेशस्तरीय यु-१६ क्रिकेट प्रतियोगिता' राखिएको छ । नेपाल क्रिकेट संघको कार्यक्रम अनुसार आयोजना गरिएको प्रतियोगितामा लुम्बिनी प्रदेशका सात जिल्लाका टिम सहभागी हुनेछन् । पराजुलीका अनुसार रुपन्देही, पश्चिम नवलपरासी, पाल्पा, कपिलवस्तु, दाङ, बाँके र बर्दियाका टिम सहभागी छन् । प्रतियोगिताले प्रदेशस्तरीय बलियो टिम छनोटमा सहयोग पुग्ने जनाइएको छ । प्रदेश क्रिकेट संघका कार्यबाहक अध्यक्ष विनय राजभण्डारीले राष्ट्रिय प्रतियोगिताका लागि प्रदेशस्तरबाट उत्कृष्ट खेलाडी छनोट गरी एउटा टिम बनाइने बताए ।

रुपन्देही क्रिकेट संघका अध्यक्ष हरिबहादुर थापाले संघले प्रतियोगिता सफल पार्न सबै किसिमको तयारी गरेको जनाए । उनका अनुसार छनोट खेल भएकाले प्रतियोगिताका विजेता टिमलाई ट्रफी र मेडल मात्रै पुरस्कार राखिएको छ । तर, प्रत्यके खेलमा म्यान अफ द म्याचलाई भने एक हजार रुपैयाँ प्रदान गरिने उनले बताए । ३५ ओभरमा खेलाइने उक्त प्रतियोगिता सम्पन्न गर्न ७ लाख रुपैयाँ खर्च लाग्ने आयोजकले जनाएका छन् ।

## आर्थिक ...

लुम्बिनी प्रदेश सरकारले सहकारीहरूको वर्गीकरण सुरू गरेको छ । वर्गीकरणका लागि ५२ वटा सूचकहरू राखिएको छ । प्रदेशका तराईमा पर्ने ६ जिल्लाका सहकारीहरूको अवस्था बुझेर वर्गीकरण गर्ने काम चालू रहेको लुम्बिनी प्रदेश सरकारका प्रवक्ता दिनेश पन्थीले बताए ।

मुलुक संघीय संरचनामा गएपछि सहकारी ऐन-२०७४ को दफा ६९ ले ३ तहका सरकारलाई सहकारी दर्ताको अधिकार दिएको छ । निश्चित उद्देश्य र मूल्य-मान्यतामा रहेर शेयर सदस्यहरूको हितको लागि सहकारी सञ्चालन हुनुपर्नेमा कतिपयले कमजोर व्यवस्थापन र सहकारी भावनाविपरीत गएर बेइमानी गर्दा भरोसा गुमाउँदै गएका छन् । यसैले सहकारी अभियानमा स्पष्टता र साझा बुझाइ विकास गर्न आवश्यक देखिएको छ । निर्यातजन्य उद्योग सञ्चालन गरी सहकारीको उद्देश्यअनुसार चलाउन सकेको अवस्थामा सहकारीहरूले सरकारको तीन खम्बे अर्थनीतिमा ठूलो योगदान पुऱ्याउन सक्ने विज्ञहरू बताउँछन् ।

## भागबण्डामा ...

प्रमुख सत्ता साझेदार दुई दलको भागबन्डामा १४ अस्पतालहरुमा विकास समिति छिनोफानो भइ सकेको भएपनि आधिकारिक रुपमा सार्वजनिक भने गरिएको छैन ।

आइतबारसम्म विकास समितिमा नियुक्त भएकाहरुलाई नियुक्ति पत्र दिइने स्रोतले बताएको छ । दाङ र रुपन्देहीका दुई वटा आर्युवेद अस्पतालको विकास समितिमा भने निर्णय हुन बाँकी छ ।

यसअघि २०८० कार्तिक ७ गते तत्कालीन सत्ता साझेदार प्रमुख दलहरु एमाले र नेकपा (माओवादी केन्द्र) भागबन्डा गरी अस्पताल विकास समितिमा अध्यक्ष नियुक्त गरेका थिए ।

सत्तासमीकरण फेरिएसँगै हाल त्यो नियुक्त खारेज गरी प्रदेश सरकारले वैशाख १६ गते १४ वटौ अस्पताल विकास समिति खारेज गरेको थियो । चैत महिनामै प्रमुख सत्तासाझेदार दलहरुबीच यो सहमति भइसकेको भए पनि प्रदेश सरकार मन्त्री परिषद्को बैठक बस्न ढिलाई भएका कारण अघिल्लो विकास समिति खारेज गर्न पनि बिलम्ब भएको थियो ।

प्रदेशभर कुल १३ आयुर्वेद चिकित्सालय छन् । ती सबैमा पनि छिट्टै नियुक्तिको प्रयास हुने बताइएको छ ।

## बिक्री मुल्य तोकिएको सुचना

यस नारी सेनेटरी प्याड उद्योग तानसेन नगरपालिका-८ पाल्पाद्धारा उत्पादित तपशिल बमोजिमका उत्पादनहरुको बिक्री मुल्य तपशिल बमोजिम तोकिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

स्पेसिफिकेशन

| क्र.सं. | बिवरण | प्याड अल्ट्रा (२८० मि.मि.) | प्याड अल्ट्रा (३२० मि.मि.) |
|---|---|---|---|
| १ | लम्बाई | २८० मि.मि. | ३२० मि.मि. |
| २ | चौडाई | ८०-१०० मि.मि. | ८५-१०५ मि.मि. |
| ३ | मोटाई | ४-५ मि.मि. | ५-६ मि.मि. |
| ४ | रंग | सेतो | सेतो |
| ५ | दर (रु) | ८५/- | ११०/- |
| ६ | सोस्ने क्षमता | १००-१३० मि.लि. | १५०-२०० मि.लि. |
| ७ | परिमाण | ८ पिस | ८ पिस |
| ८ | इकाई | १ प्याकेट (१X८) | १ प्याकेट (१X८) |

नोटः नेपाल सरकारद्धारा यस प्याडको कटन परिक्षण गरि ९९% कटन प्रमाणित भएको ।

प्रो. उमादेवी अर्याल
नारी सेनेटरी प्याड उद्योग
तानसेन-८, पाल्पा

हार्दिक बधाई

यस बुद्ध सामुदायिक सेवा समाजका सल्लाहकार श्री कुलप्रसाद न्यौपानेज्यू भीम हस्पिटल भैरहवाको अध्यक्ष जस्तो गरिमामय पदमा मनोनित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।


कुलप्रसाद न्यौपाने

श्रीचन्द्र जयसवाल
अध्यक्ष (एवं)
बुद्ध सामुदायिक सेवा समाज तथा सामुदायिक प्रहरी केन्द्र परिवार
सिद्धार्थनगर-४, ६, १० र ११, रुपन्देही

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**क) कर्जा शिर्षक : व्यावसायिक आवधिक तथा अधिविकर्ष कर्जा र डिमाण्ड लोन**

**ऋणीको विवरण**

नाम : **दर्पण रिसोर्ट प्रा.लि.** अख्तियार प्राप्त व्यक्तिको नाम : अंकित शाक्य दर्ता नं. : १७४६२४/०७४/०७५
दर्ता गर्ने कार्यालय : कम्पनी रजिस्टारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं दर्ता मिति : २०७४/०५/२१
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० स्थायी लेखा नं. : ६०६८८९४३२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गोकुल शाक्यको नाति भेष राज शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **अकिंत शाक्य** (ना.प्र.नं. : ३७२०३५/४९९१६ जारी मिति र जिल्ला : २०६५/०७/२१, रुपन्देही)

२) गंगामान शाक्यको नाति गोकुल शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **भेषराज शाक्य** (ना.प्र.नं. : १६६ जारी मिति र जिल्ला : २०४४/१०/१५, रुपन्देही)

३) गोकुल शाक्यको बुहारी भेषराज शाक्यको पत्नी रुपन्देही जिल्ला सालझण्डी वडा नं. १ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **तारा शाक्य** (ना.प्र.नं. : ३२१८ जारी मिति र जिल्ला : २०४६/०३/०५, रुपन्देही)

४) दिल बहादुर काउचाको नाति दल बहादुर काउचाको छोरा रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० बस्ने **सुमन काउचा** (ना.प्र.नं. : ३७३०३५/३६९ जारी मिति र जिल्ला : २०६३/१०/२६, रुपन्देही)

५) चित्र बहादुर आलेको छोरी दल बहादुर काउचाको बुहारी सुमन काउचाको पत्नी कपिलवस्तु जिल्ला वाणगंगा वडा नं. ७ हाल, रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० बस्ने **अमृता आले** (ना.प्र.नं. : ३८.०१.०६७. ०९५९४ जारी मिति र जिल्ला : २०६७/११/०१, कपिलवस्तु)

६) भेषराज शाक्यको बुहारी अकिंत शाक्यको पत्नी सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. २ हाल, रुपन्देही जिल्ला सैनामैना वडा नं. १० बस्ने **कोपिला शिंह** (ना.प्र.नं. : ०६१०३७/१५४७१६ जारी मिति र जिल्ला : २०६७/०६/१३, सुनसरी)

**ख) कर्जा शीर्षक : व्यावसायिक अधिविकर्ष कर्जा**

**ऋणीको विवरण**

नाम : **भेषराज आभुषण केन्द्र** प्रोप्राइटरको नाम : तारा शाक्य प्रा.फ.र.नं. : १४८३५
दर्ता गर्ने कार्यालय : वाणिज्य कार्यालय, रुपन्देही दर्ता मिति : २०५९/०५/०५
रजिष्टर्ड ठेगाना : रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ स्थायी लेखा नं. : ३०१२६४१८५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) गोकुल शाक्यको बुहारी भेषराज शाक्यको पत्नी रुपन्देही जिल्ला सालझण्डी वडा नं. १ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **तारा शाक्य** (ना.प्र.नं. : ३२१८ जारी मिति र जिल्ला : २०४६/०३/०५, रुपन्देही)

२) गंगामान शाक्यको नाति गोकुल शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **भेषराज शाक्य** (ना.प्र.नं. : १६६ जारी मिति र जिल्ला : २०४४/१०/१५, रुपन्देही)

३) गोकुल शाक्यको नाति भेष राज शाक्यको छोरा रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **अकिंत शाक्य** (ना.प्र.नं. : ३७२०३५/४९९१६ जारी मिति र जिल्ला : २०६५/०७/२१, रुपन्देही)

४) बन्दन कुमार सिंहको छोरी भेषराज शाक्यको बुहारी अकिंत शाक्यको पत्नी सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. २ हाल, रुपन्देही जिल्ला सैनामैना न.पा. वडा नं. १० बस्ने **कोपिला शिंह** (ना.प्र.नं. : ०६१०३७/१५४७१६ जारी मिति र जिल्ला : २०६७/०६/१३, सुनसरी)

५) गोकुल शाक्यको नातिनी भेषराज शाक्यको छोरी रुपन्देही जिल्ला सालझण्डी वडा नं. ४ हाल, सैनामैना न.पा. वडा नं. १० बस्ने **निशा शाक्य** (ना.प्र.नं. : ३७२०३५/४८९३३ जारी मिति र जिल्ला : २०६५/०४/२७, रुपन्देही)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
१) मिति २०८१/०८/१७ को हिमालयन टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८१/१०/१० को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि १५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
३) मिति २०८१/१२/२७ को बुटवल टुडे राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| भेषराज शाक्य | रुपन्देही जिल्ला गजेडी वडा नं. २ | २क | ६०९ | ८४.६५ |
| | | | ६१० | ८४.६५ |
| | रुपन्देही जिल्ला गजेडि वडा नं. १ | १क | ७७९ | ८४६.६० |
| | | | ५६० | ६७७.१७ |
| | | | ५६१ | ६७७.१७ |
| | रुपन्देही जिल्ला करहिया वडा नं. ८ | ८क | १३०९ | ३३८.६४ |
| तारा शाक्य | रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ | १०४०१९७११ | १६४ | ८.२३ |
| | | | २०६ | ३३६.५२ |
| | | | २०४ | २.७७ |
| | | | १६६ | १६१.०७ |
| | | | २०५ | ५.०० |
| | | | २०७ | १६४.३० |
| दर्पण रिसोर्ट प्रा.लि. | रुपन्देही जिल्ला गजेडी वडा नं. १ | १च | १२ | १,०१५.७५ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८२/०२/२३ गते शुक्रबार भित्र यस बैकको शाखा कार्यालय बुटवल आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२५ गते आइतबार दिउसो ३:०० बजे यस बैकको शाखा कार्यालय बुटवलमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

ट्वाइलेट सफा गराउनुहोस्
ट्वाइलेट सफा गराउनु परेमा, सेफ्टी ट्यांकी रिङ्ग भरिएर सिट नाला जाम भएर समस्यामा परेको छ ? हामी तपाईको समस्या तुरुन्त पाच मिनेटमा हल गरिदिने छौं।
जिना सेनेटरी
बुटवल, १०, रामनगर, रुपन्देही, फोन: ९७४२३३२९३८, ९८१७४१६९४२, ९७६३६५३२६०

ट्वाइलेट सफा गराउनु परेमा
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
गगन सेनेटरी
बुटवल, ८, सुख्खानगर, रुपन्देही
फोन: ९८६७०२१६१४, ९८१५४४७६४८ ९८०४४१३२८७, ९८१६४६४१७२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाइको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, विजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङको बेला पनि सेवा दिइनेछ ।
तिनाउ सेनेटरी
ट्याक्सी रिजर्वको लागि पनि सम्पर्क गर्नुहोला ।
बुटवल, १०, सुख्खानगर, रुपन्देही
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्
पाल्पाली मगर सेनेटरी
बुटवल, १७, मोतीपुर, रुपन्देही
फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

मेचीकाली सन्देश प्रकाशन प्रा.लि. बुटवलद्वारा प्रकाशित मेचीकाली सन्देश राष्ट्रिय दैनिकका लागिः अध्यक्ष- होमराज बस्याल, प्रधान सम्पादक- बसन्तराज खनाल, कार्यकारी प्रमुख- विष्णु गैरे
प्रधान कार्यालयः बुटवल-९, मिलनचोक, रुपन्देही, फोनः ०७१-५३६००५, ५३१५२१ (प्रशासन/विज्ञापन), ५५४०८८ (सम्पादन), Email:mechikalidaily@gmail.com (News), mechikaliadd@gmail.com (Advt.) Website: www.mechikalinews.com,मुख्य शाखा कार्यालयः भैरहवा फोनः ०७१-५७६१३६